# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, साउन १९ गते, २०७९ साल (संख्या २६

# भाग ५

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६ मा रहेको उद्योगको सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न म्याद थप सम्बन्धी व्यवस्था बमोजिम समयभित्र निवेदन दिन नसकी म्याद थप हुन नसकेका तर भौतिक संरचना निर्माण लगायतको कार्य गरिरहेका वा सञ्चालनमा आइसकेका उद्योगले म्याद थपको लागि

निवेदन दिएमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृति हेरी प्रचलित कानून बमोजिमको विलम्ब शुल्क लिई उद्योग दर्ता गर्ने निकायले तोके बमोजिम म्याद थप गर्न सक्ने गरी सोही ऐनको दफा ६४ बमोजिम बाधा अड्काउ फुकाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
अर्जुन प्रसाद पोखरेल
नेपाल सरकारको सचिव।